# बजेट वक्तव्य

मिति : २०७८ साल असार ०९, १५ र १६

आ.व. २०७८/०७९

चिशंखुगढी गाउँपालिका

सेर्ना, ओखलढुंगा

**मिति २०७८ साल असार ९ गतेका दिन नवौं गाउँ सभामा गाउँपालिका उपाध्यक्ष श्री सुस्मीका राईज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्यः**

चिशंखुगढी गाउँपालिकाको नवौं गाउँसभाका सभाध्यक्षज्यू,
गाउँसभाका सदस्यज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी परिवार,

१. सदियौं देखि नेपाल एक स्वाधीन र सार्वभौमसत्ता सम्पन्न मुलुकको रुपमा रही आएको छ। लामो समय सम्मको आम नेपाली जनताको प्रतीक्षा, दश बर्षे सशस्त्र संघर्ष, २०६२।६३ को जनआन्दोलन, मधेश आन्दोलन, संविधान सभाको निर्वाचन भई जनताका प्रतिनिधिले नै संविधानको निर्माण गरी जारी भई हाल हाम्रो देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धति कार्यान्वयनमा रहेको छ। अहिले हामी संविधानको सर्व स्वीकार्यता बढाउँदै कार्यान्वयनको चरणमा छौं। यो काम जटिल र चुनौतीपूर्ण रहेता पनि यसलाई नयाँ नेपाल निर्माणको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि बढ्नुको विकल्प छैन।

२. आज म यस चिशंखुगढी गाउँपालिकाको यस गरिमामय सभामा आर्थिक वर्ष २०७७/०७८ को वार्षिक बजेट पेश गर्न उपस्थित छु। यस गौरवपूर्ण अवसरमा जनआन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। साथै, घाइते र वेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दछु। राजनीतिक एवं सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने सबै अग्रजहरु प्रति आदर भाव प्रकट गर्दछु।

३. राजनैतिक क्षेत्रमा हामीले ऐतिहासिक फड्को मारेको छौं। संविधान घोषणा भई कार्यान्वयनमा आएपछि लामो समयको संक्रमणकालको अन्त्य भई मुलुक राजनीतिक स्थिरतातर्फ उन्मुख भएको छ। स्थानीय तहको निर्वाचन भई स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफैं संलग्न हुने वातावरण बनेको छ। यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना पूरा गर्ने अबको हाम्रो बाटो भनेको तीव्र आर्थिक विकास नै हो।

४. वि.सं. २०७८ जेठ १५ गतेका दिन संघीय सरकारका अर्थमन्त्रीबाट आ.व. २०७८/७९ को वार्षिक बजेट प्रस्तुत भई ७५३ वटै स्थानीय तहहरुलाई विभिन्न अनुदान विनियोजन गरी वित्तीय हस्तान्तरण गर्ने कार्य भएको छ। साथै प्रदेश सरकारवाट २०७८ साल असार १ गते वार्षिक वजेट प्रस्तुत भई अनुदान प्राप्त भएको छ। संविधान बमोजिम स्थानीय विकास निर्माणका काम तत्-तत् स्थानीय तहले नै छनौट गर्ने तथा कार्यान्वयन गर्ने भएकोले स्थानीय तहलाई अधिकार सम्पन्न बनाइएको छ।

५. यस गाउँपालिकाको प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधानमा उल्लेखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक

स्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा आर्थिक नियमावलीका प्रावधानहरु, चिशंखुगढी गाउँपालिकाको आवधिक विकास योजनाको प्रतिवेदन, विकासका समसामयिक मुद्धाहरु, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य निकायबाट प्राप्त मार्गदर्शन, सहभागिता योजना तर्जुमा अनुरुप बस्ती/टोलस्तरबाट छनौट गरिएका आयोजना/कार्यक्रम, वडास्तरीय आयोजना/कार्यक्रमको प्राथमिकीकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी तयार गरिएको छ ।

६. विगत केही वर्षदेखि निरन्तर रुपमा हासिल हुँदै आएको उच्च आर्थिक वृद्धिदर कोरोना रोगको संक्रमण जोखिम न्यूनिकरण गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा अवलम्वन गरिएका कदमबाट प्रभावित भई यो वर्ष ४ प्रतिशतमा सिमित रहने प्रारम्भिक अनुमान गरिएको छ । देश विकासको गतिमा अगाडि लम्की रहेको भएता पनि यस चिशंखुगढी गाउँपालिका यातायात तथा सञ्चारबाट वञ्चित पहाडी क्षेत्रमा रहेको परिप्रेक्ष्यमा जनताका जनप्रतिनिधिको आगमन सँगै यस गाउँपालिकाले विकासको अनुभूति गर्ने अपेक्षा लिन सकिन्छ । प्राकृतिक सौन्दर्यता, सांस्कृतिक विविधता, मेहनती र परिश्रमी जनता, भौगोलिक विशिष्टता र सौन्दर्यता यस गाउँपालिका समग्र ओखलढुंगाकै सम्पत्तिको रुपमा रहेको छ । कृषि, औषधिजन्य जडिबुटीहरु, पर्यटन, जलविद्युत आदि जस्ता विषयमा प्रचुर सम्भावना बोकेको चिशंखुगढी गाउँपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक, सांस्कृतिक र आर्थिक विकासमा पछाडी नै परिरहेको छ । यद्यपी उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोच, दृढ संकल्प र सामुहिक इच्छा शक्ति साथ यस गाउँपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी यस गाउँपालिकाका जनताहरुको काँधमा आएको छ । त्यसैले विकसित र समृद्ध चिशंखुगढी गाउँपालिका निर्माण गर्न हामीलाई कुनै वहानाले छेक्नु हुँदैन । यस गाउँपालिकाको आर्थिक, सामाजिक तथा राजनैतिक विकास गरी स्थानीय जनतालाई विकासको अनुभूति दिलाउनु, यस गाउँपालिकालाई राष्ट्रिय राजमार्गमा जोड्नु, राज्यबाट प्रवाह हुने सेवा सुविधालाई जनताको घरदैलोमा पुर्याइ जनतालाई राज्यको अनुभूति दिलाउनु मुख्य चुनौतीको रुपमा रहेको छ । यसैगरी यस गाउँपालिकाको आन्तरिक उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु, औपचारिक अर्थतन्त्रको विकास गर्नु, संघीयता कार्यान्वयन गर्दै शासकीय क्षमता अभिवृद्धि गर्नु पनि चुनौतीको रुपमा रहेको छ ।

७. हाम्रा सामु विभिन्न चुनौतीहरु रहेको भएता पनि विद्यमान अवसरहरुको सदुपयोग र चुनौतीहरुको सामना गर्ने गरी आगामी आर्थिक वर्ष ०७८।०७९ को बजेट तयार गरेको छु । यस बजेटका उद्देश्यहरु यसप्रकार प्रस्तुत गरेकी छुः

- संविधान कार्यान्वयनमा सहयोग गर्ने,
- आर्थिक, सामाजिक तथा राजनैतिक विकास गर्ने,

- कोभिड-१९ को महामारीबाट सृजना भएको विषम् परिस्थितिको सामना गर्दै विकासलाई सन्तुलित ढंगबाट अगाडि बढाउने,
- विकासका पूर्वाधारहरुको विकास गर्ने,
- वातावरण संरक्षण गर्ने,
- राज्य तथा गाउँपालिकाद्वारा प्रदान गरिने सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने ।

८. यी उदेश्यहरु हासिल गर्नका लागि आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरु देहायबमोजिम निर्धारण गरिएको छः

- संघीयता कार्यान्वयन,
- दिगो पूर्वाधारको विकास,
- सामाजिक तथा आर्थिक विकास,
- कृषिको आधुनिकीकरण र व्यवसायीकरण,
- रोजगारीका अवसरहरुमा वृद्धि,
- सहभागितामूलक योजना तर्जुमा,
- शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइमा लगानी,
- सडक तथा पुल निर्माण,
- पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,
- बैंक तथा वित्तीय संस्थाहरुको स्थापना र व्यवस्थित सञ्चालन,
- वन तथा जलाधार संरक्षण,
- अत्यावश्यक उपभोग्य वस्तुहरुको सुदृढ आपूर्ति र वितरण प्रणाली,
- सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार ।

सभाध्यक्षज्यू,

९. अब म यिनै चूनौती, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु । अनुमानित आय तर्फ संघबाट प्राप्त हुने संघीय सशर्त अनुदान तर्फ २० करोड ८५

लाख, संघीय वित्तीय समानीकरण तर्फको अनुदान रकम रू. ८ करोड २२ लाख, प्रदेश वाट वित्तीय समानीकरण तर्फको अनुदान रू.४५ लाख ४८ हजार, संघबाट प्राप्त हुने राजश्व बाँडफाँड वाट रू. ६ करोड १० लाख ५१ हजार, प्रदेश वाट प्राप्त हुने सवारी करको बाँडफाड बाट रू. २१ लाख ८४ हजार १ सय ५०, संघीय समपुरक अनुदान ४२ लाख, संघीय विशेष अनुदान १ करोड ६६ लाख, प्रदेश समपूरक अनुदान रु. १ करोड, प्रदेश सशर्त अनुदान ७२ लाख ५२ हजार तथा आन्तरिक आम्दानीको अनुमानित प्रक्षेपण रु. २३ लाख गरी कुल जम्मा बजेट रु.३९ करोड ८८ लाख ३५ हजार १ सय ५० हुने अनुमान गरेकी छु। सामाजिक सुरक्षा एवं अन्य निकायबाट प्राप्त हुने अनुदान यो वजेटमा समावेश गरिएको छैन।

सभाध्यक्ष ज्यू,

आ.व. ०७८।७९ को अनुमानित व्यय तर्फ कुल विनियोजन मध्ये चालुतर्फ रू. २६ करोड १० लाख २८ हजार १ सय ५० र पुँजिगत तर्फ रू. १३ करोड ७८ लाख ७ हजार गरी रु. ३९ करोड ८८ लाख ३५ हजार १ सय ५० विनियोजन गरेको छु । जस मध्ये चालु खर्च तर्फ कुल वजेटको ६५ प्रतिशत र पूँजीगत तर्फ ३५ प्रतिशत रहेको छ। नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानको रकम रू. २० करोड ८५ लाख निर्देशित योजना तथा कार्यक्रममा नै विनियोजन भएको छ। गाँउपालिकाको चालु खर्च तथा वडाहरुको सम्पूर्ण चालु खर्च, लक्षित कार्यक्रम, शिक्षा, स्वास्थ्य तथा अन्य विषयगत शाखाको कार्यक्रम, विभिन्न कार्यक्रहरु, महिला स्वास्थ्य स्वंयसेविका प्रोत्साहन, प्रकोप तथा आकस्मिक सहायता लगायतका कार्यक्रम सहित विविध योजना तथा कार्यक्रमहरु समेत समावेश गरिएकोले चालु खर्चको अंश बढी देखिन गएको छ।

सभाध्यक्ष ज्यू,

१०. चिशंखुगढी गाउँपालिकाको आवधिक विकास योजनाको प्रतिवेदनलाई मूल आधार वनाई कुल विनियोजित बजेट मध्ये चालु खर्चबाट व्यहोर्ने गरी वडा कार्यालयहरुको लागि प्रत्येक वडामा रू.६ लाख ८८ हजारका दरले रू.५५ लाख ०४ हजार विनियोजन गरेकी छु। त्यसैगरी चालु खर्च अन्तर्गत गाउँपालिका कार्यालय एवं विषयगत शाखाको लागि रू. ६ करोड ३१ हजार १ सय ५० विनियोजन गरेको छु। महिला स्वास्थ्य स्वंयम् सेविका प्रोत्साहन भत्ताका लागि साविक रू. १५ हजारका दरले प्रदान गर्दै आएकोमा रु. २ हजारका दरले थप गरी प्रति स्वयम् सेविका रु.१७ हजार पुर्याइ उक्त प्रोत्साहन वापतको रकमा लागि रु.१७ लाख ६८ हजार बजेटको व्यवस्था गरेको छु । त्यसैगरी यस चिशंखुगढी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत प्रारम्भिक वाल विकास सहजकर्ता, विद्यालय कर्मचारी एवं विद्यालय सहयोगी कर्मचारीको हकमा हाल खाइपाइ आएको सेवा सुविधामा रु.१ हजारले थप सेवा सुविधा वृद्धि गरेको छु अब उप्रान्त महिला स्वास्थ्य स्वयंसेविकाका बार्षिक सेवा सुविधा २९ हजार हुनेछ। आगामी आ.व. ०७८।७९ मा कार्यान्वयन गरिने क्षेत्रगत बजेट अन्तर्गतका विषयलाई सम्बोधन गर्नका निमित्त महिला लक्षित सीपमूलक कार्यक्रमका लागि रु. १० लाख, आदिवासी जनजाति संस्कृति संरक्षण एवं प्रवर्द्धनका लागि रु.७ लाख, पालिका स्तरीय खेलकुद कार्यक्रम तर्फ रु.७ लाख ३० हजार, स्थीय पाठ्यक्रम निर्माणका लागि रु. ५ लाख, जनस्वास्थ्य औषधी खरिदका लागि रु.

७ लाख, पशु स्वास्थ्य औषधी खरिदका लागि रु. ७ लाख, पशु तथा पंक्षी खोर सुधारका लागि नव प्रवर्तक कृषि व्यवसायीलाई अनुदानका लागि रु. १५ लाख विनियोजन गरेकी छु । साथै नव प्रवर्तक कृषि व्यवसीयलाई प्रोत्साहन गर्दै व्यवसायमा हुने सम्भावित जोखिमको न्यूनीकरण गर्न व्यवसायिक जोखिम अनुदानका लागि आवश्यक बजेट व्यवस्था गरेको छु । दुर्गम बस्ती तथा समुदायमा विद्युतीय घट्ट वितरणका लागि रु. १० लाख, न्यायीक समिति कार्यक्रमका लागि रु. २ लाख, भैपरी आउने आकस्मिक कोषको लागि रु. ६ लाख, विभिन्न वडास्तरीय कार्यक्रम सञ्चालनका लागि रु.१० लाख बजेट विनियोजन गरेकी छु । गाउँपालिकाको प्रमुख प्रशासकीय भवन निर्माणको लागि ठेक्का आव्हानको सूचना जारी भइ निर्माणको प्रकृयामा गइ सकेको अवस्थामा गाउँपालिकाले व्यहोर्नु पर्ने दायित्व अन्तर्गत आगामी आ.व. ०७८।७९ को लागि रु. ७० लाख विनियोजन गरेको छु, गाउँपालिकाले व्यहोर्नु पर्ने दायित्व क्रमशः आगामी आर्थिक वर्षमा व्यहोर्दै लगिनेछ । चिशंखुगढी गाउँपालिकाको महत्वकांक्षी योजनाको रुपमा रहेको ग्रामिण विद्युतीकरण योजनालाइ मुर्त रुप दिनका लागि संघीय समपूरक अनुदान अन्तर्गत गाउँपालिकाले व्यहोर्नु पर्ने स्रोतको सुनिश्चितता गर्दै थप बजेट सहित रु. ६० लाख विनियोजन गरेको छु । नागरिकको सुरक्षित रुपमा बाँच्न पाउनु पर्ने मौलिक हकको सुनिश्चितता गर्न जनता आवास कार्यक्रम कार्यान्वयनका लागि प्रदेश समपूरक अनुदान अन्तर्गत गाउँपालिकाले व्यहोर्नु पर्ने स्रोतको सुनिश्चितता गर्न रु. ४३ लाख विनियोजन गरेको छु । चिशंखुगढी गाउँपालिका अन्तर्गतका विपन्न नागरिकको सुरक्षित आवास व्यवस्थापनका लागि खरको छानो विस्थापन कार्यक्रम अन्तर्गत रु. १ करोड विनियोजन गरेको छु । कुइभीर हुँदै नेचा जोड्ने सडक निर्माणका लागि रु. १० लाख, वडा कार्यालय भवन वडा नं. ०४ का लागि रु. ४० लाख विनियोजन गरेको छु । त्यस्तै गरी आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि तथा पशु सेवा विकास कार्यक्रमका लागि रु.५८ लाख ५० हजार विनियोजन गरेको छु । नेपालको संविधानको धारा ३५ मा उल्लेखित नागरिकको स्वास्थ्य सम्बन्धिको मौलिक हकको प्रत्याभूति गराई आम नागरिकको स्वास्थ्य संवेदनशीलता प्रति सचेत हुँदै सहज यातायात पहुँच स्थापित गर्नका लागि एम्बुलेन्स खरिदको व्यवस्था मिलाएको एवं एम्बुलेन्स खरिद प्रकृयामा गइसकेको अवस्थामा सोको व्यवस्थापनका लागि रु. ५ लाख विनियोजन गरेको छु । विश्वव्याषी महामारीको रुपमा रहेको कोरोना भाइरसको कारण सिर्जना भएको वर्तमान प्रतिकूल परिस्थितिको सामना गर्नका लागि प्रत्येक वडाको बजेटमा राहत, उद्धार र पुनर्स्थापनाका लागि विपद् व्यवस्थापन सम्बन्धी योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु जस अन्तर्गत वडा र गाउँपालिका गरी वातावरण तथा विपद् व्यवस्थापन विषयगत क्षेत्रमा कुल जम्मा रु.४९ लाख ३५ हजार विनियोजन गरेको छु । संघीय सरकार, प्रदेश सरकार र हाम्रो गाउँपालिकाको लागत सहभागिता एवं साझेदारीमा विकास निर्माणका कार्यहरुलाई अगाडि बढाउन लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु । त्यस्तै गरी साना सिंचाई कार्यक्रममा विकास साझेदार संस्था र हाम्रो गाउँपालिका बीचमा भएको सम्झौता बमोजिम गाउँपालिकाले बेहोर्ने लागत साझेदारीका लागि रु. २९ लाख ४८ हजार विनियोजन गरेको छु । यसै गरी क्याप्टेन यज्ञ बहादुर थापाको शालिक निर्माणका लागि चालु आ.व. मा रु. ६ लाख ५० हजार विनियोजन गरेकोमा कार्यान्वयन हुन नसेको खण्डमा उक्त योजनालाई आगामी आ.व. निरन्तरता दिइ कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु । गाँउपालिका स्तरीय क्षेत्रीय सडक मर्मत तथा स्तरउन्नतीको लागि

रू.२० लाख, साझेदारी योजनाहरु तथा संघीय सरकार र प्रदेश सरकार सँग माग गर्नु पर्ने योजनाको डि.पि.आर. निर्माणको लागि १० लाख, खानेपानी पुर्नस्थापना कार्यक्रम तथा पाइप खरिदका लागि रू.१० लाख सहित विभिन्न योजना तथा कार्यक्रमको लागि बजेट विनियोजन गरेकी छु। साथै ८ वटा वडाहरुमा पुँजीगत सीमा वडा नं १ कुईभिर रू.३४ लाख ५० हजार, वडा नं २ पोखरे रू. ३१ लाख २० हजार, वडा नं. ३ दियाले रू.३४ लाख, वडा नं ४ रातमाटे रू.३४ लाख, वडा नं ५ सेर्नामा रु. ३४ लाख, वडा नं ६ भदौरेमा रु. ३५ लाख, वडा नं ७ माथिल्लो माम्खामा रु.३० लाख र वडा नं ८ तल्लो माम्खामा रु. ३४ लाख गरी जम्मा रू.२ करोड ६६ लाख ७० हजार विनियोजन गरेकी छु। सशर्त अनुदानबाट सञ्चालन हुने लघु उद्यम विकास कार्यक्रम अन्तर्गत रू.२८ लाख ४० हजार, मेवा खेति प्रवर्द्धन कार्यक्रम अन्तर्गत रु. १२ लाख, कृषि तथा पशु तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम अन्तर्गत रु. ४० लाख, वेलवोटे झोलुङ्गे पुल निर्माणको लागि रू. २४ लाख लगायत शिक्षा, स्वास्थ्य, कृषि विकास तथा पशु सेवा एवं विषयगत शाखामा प्राप्त हुने चालु तथा पुँजीगत बजेटको प्रभावकारी कार्यान्वयन गर्न स्रोत सनिश्चितता सहित आवश्यक व्यवस्था मिलाएको छु। साथै स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रममा अन्तर्गत प्रमुख प्रशासकीय भवन निर्माणका लागि प्राप्त हुने बजेट तथा समाजिक सुरक्षा भत्ता बापत प्राप्त हुने बजेट तोकिएको कार्यविधि, निर्देशिका एवं प्रचलित मापदण्ड बमोजिम नै खर्च हुनेछन्।

सभाध्यक्ष ज्यू,

आ.व. ०७७।७८ मा कार्यान्वयन गरिने समानीकरण अनुदानबाट सञ्चालन हुने क्रमागत योजना तथा कार्यक्रमहरु सहित विषय क्षेत्रगत बजेट अन्तर्गत पूर्वाधार विकासमा रु. ७ करोड ६३ लाख ४८ हजार, सामाजिक विकासमा रु.५८ लाख ४० हजार, आर्थिक विकासमा रु. ५८ लाख ५० हजार, वातावरण तथा विपद् व्यवस्थापनमा रु. ४९ लाख ३५ हजार संस्थागत विकास तथा सेवा प्रवाहमा रु. ५ लाख गरी कुल रु. ९ करोड ३५ लाख ३३ हजार विनियोजन गरेकी छु।

११. आगामी आर्थिक वर्ष ०७८।०७९ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये पूँजीगत अनुमानति आम्दानी तर्फः संघीय सशर्त अनुदान रु. १ करोड ३६ लाख, संघीय समानीकरण अनुदान रू.८ करोड २२ लाख, संघीय समपूरक अनुदान रु. ४२ लाख, संघीय विशेष अनुदान रु. १ करोड ६६ लाख, प्रदेश सशर्त अनुदान रु.६६ लाख ५९ हजार, प्रदेश समानीकरण अनुदान रु. ४५ लाख ४८ हजार, प्रदेश समपूरक अनुदान रु. १ करोड तथा चालु अनुमानित आम्दानी तर्फः संघीय सर्शत अनुदान रु. १९ करोड ४९ लाख, प्रदेश सशर्त अनुदान रु. ५ लाख ९३ हजार, संघीय राजश्व बाँडफाँट रु.६ करोड १० लाख ५१ हजार, प्रदेश सवारी साधन कर रु. २१ लाख ८४ हजार १ सय ५० र आन्तरिक आम्दानी (मालपोत समेत) रु. २३ लाख मध्ये बाट व्यहोरिने छ। साथै आगामी आ.व.०७८।७९ मा आय स्रोतको प्रकृति एवं स्रोत अनुमानित सुनिश्चितता भएका आम्दानी बमोजिमको व्यय अनुमान गरिएकोले बजेटलाई बढी महत्वकांक्षी नबनाई परिणाममुखी ठोस योजना तथा कार्यक्रम सञ्चालन गर्ने हेतुले चालु आ.व को बजेटलाई जस्तै निरन्तरता दिंदै आय र व्यय बराबर हुने गरी सन्तुलित बजेट ल्याएकी छु।

सभाध्यक्षज्यू,

१२.पहाडी विकट जिल्लामा रही अति दुर्गमताको दृष्टिकोणले (क) वर्गमा पर्ने यस चिशंखुगढी गाउँपालिकामा आर्थिक गतिविधिले गति लिन नसकेको र जनतामा कर लिने बानीको विकास भइ नसकेको अवस्थामा जनतामा कर तिर्ने बानीको विकास गराई आगामी आ.व. मा रू. २३ लाख कर राजश्व आर्जन गर्ने लक्ष्य रहेको छ। यसको लागि यस क्षेत्रमा उपलब्ध स्थानीय श्रोत साधनको अधिकतम परिचालन गरी आर्थिक गतिविधिमा वृद्धि गरिनेछ, व्यापारिक गतिविधिमा वृद्धि गरिनेछ, करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ, राजश्व चुहावटलाई नियन्त्रंण गरिनेछ।

१३. प्रस्तुत बजेट तर्जुमा एवं बजेट वक्तव्य तयारीका लागि सहयोग गर्नुहुने अध्यक्षज्यू, वडाध्यक्षज्यूहरु लगायत वडा समितिहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दलका प्रतिनिधिहरु, नागरिक समाज, बुद्धिजिवी, पत्रकार, सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु लगायत सम्पूर्ण चिशंखुगढी गाउँपालिका निवासी जनता साथै देश विदेशमा रहनु भएका नेपाली दिदीबहिनी, दाजुभाइहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

१४. अन्त्यमा, यस चिशंखुगढी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने चिशंखुगढी गाउँपालिकाका नागरिक, करदाता, चिशंखुगढी गाउँपालिकाको हित र समुन्नतीमा कार्यरत सबै विकास साझेदार, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु एवं सञ्चार माध्यम प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेकी छु।

१५. समस्याहरु धेरै छन्, सबैको एकैपटक समाधान सम्भव छैन र हुन पनि सक्दैन। वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतीहरुको सामना गर्न हामी सबै कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं। उज्वल भविष्य निर्माणको लागि आशावादी बनौं।

धन्यवाद!!!

सुस्मिका राई
उपाध्यक्ष
चिशंखुगढी गाउँपालिका